अन्नपूर्ण गाँउपालिका

गाँउकार्यपालिकाको कार्यालय

पोखरेबगर, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

प.सः ०७७/०७८

च.नं

## विज्ञप्ति

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को नयाँ भेरियन्टको समुदाय स्तरमा प्रकोप बढी रहेको अवस्थामा अन्नपुर्ण गाउँपालिका क्षेत्रभित्र पनि प्रभाव परेको हुदाँ गाउपालिका भित्रका बैंक तथा वित्तीय संस्था, सहकारि सँगको छलफल एवम मिति २०७८।०१।२६ गतेको गाउँकार्यपालिकाको निषेधाज्ञा (Lockdown) गर्ने निर्णय बमोजिम पालिका क्षेत्र भित्र रोकथाम तथा नियन्त्रण गर्नका लागि मिति २०७८।०१।२७ गते राती १२ बजे देखि २०७८ जेठ ६ गते राती १२ बजे सम्मलाई तपसिलका उल्लेखित बुदाँहरुलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि अन्नपुर्ण गाउँपालिका क्षेत्रभित्र निषेधाज्ञा जारि गरि दिनु हुन जिल्ला कोभिड-१९ संकट व्यबस्थापन केन्द्र लाई अनुरोध गरीएको व्यहोरा सम्पुर्ण अन्नपुर्ण वासीहरुलाई जानकारी गराउँछौ ।

तपसिल

१. निषेधाज्ञा को प्रभावकारी कार्यान्वयन गर्न आवश्यक सहयोग तथा प्रचार प्रसार गर्न गराउनुहुन आम अन्नपुर्ण वासी नागरिक, जनप्रतिनिधि, स्थानिय राजनितिक दलका प्रमुख तथा प्रतिनिधि, उद्योगी, व्यापारी, स्थानिय संघ संस्था, युबा क्लब, बैक तथा वित्तिय संस्था , सहकारी , राष्ट्र सेवक कर्मचारी ,सुरक्षा निकाय, संचारकर्मी र कोभिड-१९ रोग रोकथाम तथा नियन्त्रण टोल स्तरीय समिति सबैमा अनुरोध गर्ने ।

२. पसलहरु तथा होटेल व्यबसाय पुर्ण रुपमा बन्द गर्ने । औषधि पसलहरु खुल्ला रहने ।

३. बैक तथा वित्तिय संस्था, सहकारीहरुको सेवा प्रवाह पुर्ण रुपमा बन्द गर्ने ।

४. शैक्षिक संस्थाहरु पुर्ण रुपमा बन्द गर्ने।

५. वडा कार्यालय र गाउँपालिका कार्यालयको अति आवश्यक सेवा बाहेक अन्य सेवाहरु पुर्ण रुपमा बन्द गर्ने तर सबै वडाका स्वास्थ्य चौकी, सामुदायीक स्वास्थ्य इकाइ खुला रहने ।

६. निषेधाज्ञाको समयमा दुइ पाङ्ग्रे सहित अन्य सवारी साधनहरु पुर्ण रुपमा बन्द गर्ने अति आवश्यक परेको खण्डमा पालिकाको सवारी साधन वा सिफारीस गरिएका साधनहरु संचालनमा ल्याउने । गर्भवती सुत्केरी तथा आकस्मिक उपचार गर्न पर्ने व्यक्तीहरुलाई आवश्यक सहयोगको लागि वडा कार्यालय वा गाउँपालिकामा सम्पर्क राखे ।

७. निर्माणाधिन योजनाहरुमा निर्माण व्यबसायीले कामदारहरुको स्वास्थ्य मापदण्डको पुर्ण पालना गराउदै काममा निरन्तरता दिने, बाहिरबाट कामदार ल्याउन नपाइने ।

८. गाउँपालिका क्षेत्रभित्र भेला, जमघट, भिडभाड, चाडपर्व लक्षित मेला पर्व तथा कुनै प्रकारका खेलकुद लगायतका कार्यक्रमहरु नगर्ने नगराउने साथै विवाह, वर्तबन्धन र धार्मिक पुजापाठका कार्यहरु पुर्ण रुपमा बन्द गर्ने गराउने ।

९. समुदायमा घर वाहिर ५ जना वा सो भन्दा बढि व्यक्तिहरुको भेला तथा जमघट नगर्ने/ नगराउने ।

१०. सबै गाउँटोलमा वडा समिति , कोरोना रोकथाम तथा नियन्त्रणको लागि टोल स्तरीय समिति, राजनितिक दल, युवा क्लब, आमा समुह, सुरक्षाकर्मी तथा अन्य सक्रीय व्यक्ती संघ संस्थाद्धारा समुदाय स्तरमा कोभिड-१९ सम्बन्धी सचेतना अभिबृद्धीका कार्यक्रमहरु संचालन गर्ने ।

११. सबै टोलमा टोल स्तरीय समिति सक्रीय भई समुदायमा भएका गतिविधिहरु गाउँपालिकामा जानकारी गराउने ।

१२. स्वास्थ्य सुरक्षा मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गराउने। यदि पालना नगरेको खण्डमा संक्रमण रोग ऐन २०२०, अनुसार कार्बाही हुने ।

२०७८।०१।२६